त्रिभुवन विश्वविद्यालय

# सहिद नारायण पोखरेल रामापुर क्याम्पस

सैनामैना-६, रुपन्देही

२०६०

# वार्षिक प्रगति प्रतिवेदन-२०७९/०८०

**प्रतिवेदन तयारी समिति**

हेमबहादुर थापा

जगलाल गिरि

दिनेश पन्थी

बिष्णुप्रसाद अर्याल

मदन थापा

संचालक समितिबाट प्रतिवेदन पारित मिति २०८० /०६/२२

क्याम्पस सभा २०८० बाट अनुमोदित मिति २०८० /०९ /२८

# कृतज्ञता ज्ञापन

शिक्षामा विश्वव्यापारिकरणको प्रभावले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक प्रतिष्पर्धालाई आत्मसात गरी अगाडि बढ्न र क्याम्पसको शैक्षिक, संस्थागत विकासमा शैक्षिक जगतका विद्धुत वर्ग लगायत सम्पूर्ण शुभचिन्तकहरूको हातेमालोका साथमा व्यवस्थापन संकाय र शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातक र स्नाकोत्तर तहमा अध्यापन भईरहेको यस क्षेत्रको उच्च शैक्षिक धरोहर सहिद नारायण पोखरेल रामापुर क्याम्पसमा वार्षिक रुपमा भएगरेका क्रियाकलापको आधारमा यो प्रतिवेदन तयार गरिएको हो। हाल सम्म आइपुग्दा क्याम्पसले विश्वविद्यालय अनुदान आयोग द्वारा गुणस्तर प्रत्यायनकृत भई पुन: दोस्रो पटक प्रत्यायनकृत हुनका लागि कटिवद्ध यस क्याम्पसको यो प्रगति प्रतिवेदन २०८० तयारी समितिले प्रतिवेदन तयारीको क्रममा क्याम्पसका विविध पक्षहरूको सुचना संकलन तथा व्यवस्थापन गर्न क्याम्पसका समिति, बिभाग तथा इकाइको निकै सहयोगी र सकारात्मक भूमिका रहेको छ जसको कारणले यो प्रतिवेदनले मुर्त रुप पाएको छ।

हरेक क्षण सकारात्मक सहयोग र उर्जा प्रदान गर्ने क्याम्पस संचालक समिति अध्यक्ष बालकृष्ण गैरे तथा संचालक समिति पदाधिकारी प्रति आभार प्रकट गर्दछौं। यसैगरी क्याम्पसमा क्यापसको प्रगतिको लागि अविछिन्न रुपमा लागिपरेका सम्पूर्ण समिति र पदाधिकारीहरू प्रति पनि आवस्यक सुझावका लागि कृतज्ञता प्रदान गर्न चाहन्छौं। सुचना संकलनको क्रममा सहयोग गर्नुहुने EMIS सदस्य तथा प्रशासकीय अधिकृत मदन थापा र लेखापाल गीता रेग्मी, पुस्तकालय सहायक तुलसा देवकोटा तथा कार्यालय सहयोगीहरूमा आभार टक्र्याउन चाहन्छौं। अंग्रेजी विभागका बिभागीय प्रमुख प्रकाशमणि खनाल, व्यवस्थापन विभागका बिभागीय प्रमुख गणेश पोखरेल, नेपाली विभागका बिभागीय प्रमुख हुमकान्त बस्याल र HPE विभागका बिभागीय प्रमुख धर्म पन्थीज्युलाई विशेष धन्यबाद टक्र्याउन चाहन्छौँ। साथै अनुसन्धान तथा प्रकाशन समितिका संयोजक दिनेश पन्थी र सम्पूर्ण समिति सदस्यप्रति पनि आभारी छौं।

विगत वर्षका अनुभव साटेर सुझाव प्रदान गर्ने तथा सम्पादनमा सहयोग गर्ने पूर्व क्याम्पस प्रमुख यदुलाल पन्थज्यूलाई पनि धन्यवाद टक्र्याउन चाहन्छौं। IQAC पदाधिकारी तथा SAT संयोजक विष्णुप्रसाद अर्याललाई पनि प्रतिवेदन तयारीमा प्राविधिक रुपमा खटेर गरेको योगदानप्रति आभार व्यक्त गर्दछौं। यो प्रतिवेदन तयारीमा प्रशासनिक रुपमा सहयोग र संयोजन प्रति क्याम्पस प्रमुख हेमबहादुर थापाज्युप्रति पनि आभार व्यक्त गर्दछौं।

अन्त्यमा, डिजाइन तथा प्रकाशन गरी प्रतिवेदन तयार गरी सहयोग गरेकोमा सिद्धार्थ प्रेश बुटवललाई पनि धन्यवाद टक्र्याउन चाहन्छौँ।

# सारांश

सहिद नारायण पोखरेल रामापुर क्याम्पस गौतम बुद्धको जन्मस्थल पवित्र जन्मभूमिपवित्र बुद्ध भूमि लुम्बिनीबाट १८ कि.मि. उत्तर शैक्षिक तथा औधोगिक नगरी बुटवलबाट १७ कि.मि. पश्चिम ऐतिहासिक नगरी सैनामैनाको मुटु रामापुर कलोनी पूर्वपश्चिम लोकमार्गको उत्तर चुरे पहाडको काखमा अवस्थित छ।यो क्षेत्र आदिवासी जनजाति, दलित एवं पिछडा वर्गको वाहुल्यता भएको र विकासको पूर्वाधारको शुरुवाती चरणमा रहेकोले क्षेत्र हो। यँहाका उच्चशिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरू उच्च शिक्षाको उज्ज्यालोबाट पूर्ण रुपमा लाभान्वित हुन नसकेको परिवेशमा यस क्षेत्रका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी, प्रवुद्ध व्यक्तित्व एवं सर्वसाधारणको सक्रियतामा स्थानीय स्तरमै सर्वसुलभ एवं गुणस्तरीय उच्चशिक्षा प्रदान गराउने तथा गुणात्मक उच्च शिक्षाको खोजीमा शहर तथा विदेशमा महंगा क्याम्पसहरूमा जानुपर्ने बाध्यताबाट मुक्त बनाउने उद्देश्यका साथ जनताद्वारा जनताकै लागि (By Public for Public)भन्ने मूल नाराका साथ २०६० सालमा रामापुर क्याम्पसको नाममा यो क्याम्पस स्थापना गरिएको हो ।

विश्व परिवेशमा हरेक राष्ट्रले दक्ष शैक्षिक जनशक्ति उत्पादन गरिरहेको परिवेशमा हाम्रो देशले पनि उक्त लक्ष्यलाई आफ्नो अर्जुन दृष्टि गराउनु पर्ने र सोका लागि हरेक समुदायले होस्टेमा हैसे गर्ने आवश्यकता महशुस गर्दै यस क्षेत्रमा बढ्दै गएको बसाइसराइको चापलाई समेत मध्य नजर राखेर यस क्षेत्रमा पूर्वाधारहरूको निर्माण गर्दै अगाडी बढेको यस क्याम्पसले सत्रौं वसन्तमा आइपुग्दा QAA प्रमाण पत्र प्राप्त उत्कृष्ठ शैक्षिक प्रतिष्ठानको रूपमा परिचित हुन सफल भएको छ ।

वि.सं. २०६२/०१/१६ मा प्रमुख वाचकको रुपमा वाचनशिरोमणि पं. नारायण पोखरेललाई आमन्त्रण गरी धार्मिक आस्थाको आधारमा भौतिक विकास भन्ने हेतुले श्रीमद्भागवत धनधान्यांचल महायज्ञको आयोजना गरियो । दुर्भाग्यवस यज्ञ संचालनको क्रममै वहाँलाई हामि गुमाउन पुग्यौँ जुन हाम्रो लागि अकल्पनीय र दुखद थियो । नेपाल सरकारले वहाँलाई प्रथम धार्मिक सहिद घोषणा गरे पश्चात वहाँको सम्मानमा क्याम्पसको नाम रामापुर क्याम्पसबाट सहिद नारायण पोखरेल रामापुर क्याम्पस बनाइयो ।

हाल यस क्याम्पसमा स्नातक तहमा शिक्षा शाश्त्र संकाय तर्फ नेपाली, स्वास्थ्य तथा शारीरिक, गणित र अंग्रेजी शिक्षा विषय अध्यापन गराईदै आएको छ भने व्यवस्थापन संकाय तर्फ नेपाली र अंग्रेजी माध्यममा अध्यापन गराइरहेको छ । यसै गरी स्नातकोत्तर तहमा सेमेष्टर प्रणाली

अन्तर्गत नेपाली  शिक्षा विषय संचालित रहेका छन् ।यस क्याम्पसले  विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त निर्देशनहरूलाई पालना गर्दै पी.आर.टि.प्री-भिजिट तथा पी.आर.टि.पूर्ण-भिजिटका चरणहरू पार गर्दै गुणस्तर सुनिस्चितताको प्रमाण पत्र द्वारा प्रत्यायनकृत  (Quality Assurance and Accreditation-QAA) भैसकेको छ साथै विश्वविद्यालय अनुदान आयोगबाट संचालित NEHEP का कार्यमा समेत अगाडि बढाइरहेको छ।

अनुसन्धान र अध्यापनलाई जोड्दै शिक्षण सिकाईको पाटोलाई अगाडि बढाउनु पर्ने युग सुहाँउदो माग र आवश्यकतालाई ध्यानमा राखी क्याम्पसले हरेक वर्ष प्राध्यापक तथा विद्यार्थीहरूलाई विभिन्न तालिम , गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्दै आएको छ । अनुसन्धान तथा प्रकासन समिति मार्फत स्नातक र स्नातकोत्तर तहका पाठ्यक्रमसंग सम्बन्धित अनुसन्धान कार्य तथा सोधपत्रको लागि अनुसन्धान उपसमिति बनाई कार्य भईरहेको छ भने मिनी रिसर्च, रिसर्च प्रोजेक्ट , जर्नल प्रकाशन, अन्य प्रकाशनसंग सम्बन्धित कार्य तथा रिसर्चको समग्र व्यवस्थापनका लागि  अनुसन्धान तथा प्रकाशन समितिले कार्य गर्दै आईरहेको छ । हाल सम्म यसले  क्याम्पसका अनुसन्धान सम्बन्धी  SNPRC Journal Volume-1,  Volume-2,Volume-3, र  Volume-4  प्रकाशन गरिसकेको छ  ।

## विषयसूची ( **Table of Content)**


१. पृष्ठभूमि ( Background) १

२. शैक्षिक प्रगति ( Academic Progress) २

क) भर्नादर विश्लेषण( Enrollment Trend Analysis)

ख) उत्तीर्णदर विश्लेषण ( Pass Pate Trend Analysis )

ग) तहगत उत्तीर्णदर विश्लेषण (Graduate Trend Analysis)

घ) कार्यक्रमहरू (Programs)

ङ) शैक्षणिक विधि (Educational Pedagogy)

३. भौतिक प्रगति( Physical Progress) ६

क) पूर्वाधार बिकास ( Infrastructure Development)

ग) शैक्षिक सामग्री ( Educational Materials)

४. आर्थिक प्रगति ( Financial Progress) १४

क) आर्थिक श्रोतको विश्लेषण (Analysis of Financil Resources)

ख) खर्च विश्लेषण (Analysis of Expenditure)

ग) लेखा परीक्षणको अवलोकन (Audit Observation)

५. सामाजिक प्रगति (Social Progress) १६

क) क्याम्पसको सामाजिक गतिविधिमा संलग्नता (Involvement of Campus in Social Activities)

ख) क्याम्पसको लागि समुदायको योगदान (Contribution of Society for Campus)

ग) समुदायमा योगदानका लागि क्याम्पसको योजना (Plan for contribution of Campus to society)

घ) क्याम्पसमा समाजको सहभागिता बढाउन गरिने योजना ( Plan to increase Involvement of Society in the campus)

**६. क्याम्पसका अनिती तथा कार्यक्रमहरू -२८०/०८१** १८

७. मुद्दा र चुनौती (Issues and Challenges) २१

क) क्याम्पसका मुद्दाहरू (Issues of the Campus)

अ)क्याम्पसका सबल पक्षहरू (Strength of Campus)

आ)क्याम्पसका दुर्वल पक्षहरू (Weakness of Campus)

ख)क्याम्पसका चुनौतीहरू( Challenges of Campus)
अ)अल्पकालीन चुनौती (Short-Term Challenges)
आ)दिर्घकालिन चुनौती (Long-Term Challenge)
इ) चुनौती सामना गर्न तय गरिएका कार्यक्रमहरू (Mitigating Measures to Address the Issues and Challenges)
ई) चुनौती सामना गर्न अपनाइने नीतिहरू (Plans to Address the Issues and Challenges)
८. वार्षिक कार्ययोजना २०८०/०८१ २३
९. बजेट (Budget) २५
१०. क्याम्पसका दृष्टिकोण, **लक्ष्य र अभियान** २६
११. दसबर्षे गुरुयोजना २८
१२. ५ वर्षे Action Plan ३१
१३. समिति विवरण ३६
१४. प्राध्यापक , कर्मचारी विवरण ३७